नि.प्र.का. सप्तरी द.नं. ३२/०४८/०४९

स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३०    अंक २१०    २०७७ साल चैत ९ गते सोमबार (22 Mar. 2021 Monday)    मूल्य रु. ५/-

**Log on : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : मिथिलाञ्चलमा विधिवत् ... ३ पृष्ठमा : हुलाकी सडक द्रुत ... ३ पृष्ठमा : युरोपमा लकडाउन, ...

**२०७५ साल भदौ १ गते लागू भएको देवानी संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- मासिक बीस हजार रुपैयाँभन्दा बढीमा घर बहालमा दिँदा घर बहालमा लिने दिने व्यक्तिले लिखित सम्झौता गर्नु पर्ने,
- काम लगाउने व्यक्तिले काम गर्ने व्यक्तिलाई कामको अनुपातमा ज्याला दिनु पर्ने,
- पचास हजार रुपैयाँ भन्दा बढी रकम लेनदेन गरी घरसारमा तयार भएको लिखत स्थानीय तहबाट प्रमाणित गराउनु पर्ने,
- धर्मपुत्र धर्मपुत्री राख्दा जिल्ला अदालतबाट प्रमाणीकरण गराउनु पर्ने,
- सार्वजनिक पदाधिकारीले पदीय हैसियतमा नाम र दर्जा खुलाई कुनै लिखतमा हस्ताक्षर गर्नु पर्नेमा सो नगरे पाँचसय रुपैयाँसम्म जरिवाना हुन सक्ने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## सर्वाधिक पुरस्कार राशी भएको मेयर कप सप्तरी प्रिमियर लिगको तेश्रो संस्करण सुरु



**दैनिक समाचारदाता**
**राजविराज, ८ चैत ।**

सप्तरीको सर्वाधिक पुरस्कार राशी भएको मेयर कप सप्तरी प्रिमियर टि ट्वान्टी लिग क्रिकेट प्रतियोगिताको तेश्रो संस्करण आइतबारदेखी राजविराजमा सुरु भएको छ ।

राजविराजस्थित राजरंगशालाको खेल मैदानमा सुरु भएको प्रतियोगिताको राजविराज नगरपालिकाका प्रमुख शम्भु प्रसाद यादवले ब्याटिङ, उपप्रमुख साधना झाले बलिङ तथा प्रमुख जिल्ला अधिकारी फनिन्द्रमणि पोखरेलले बिकेट किपिङ गरेर उद्घाटन गरेका छन् ।

प्रतियोगिताको उद्घाटन खेलमा रुपनी राइडर्सले बोदेबरसाईन थन्डर्सलाई १३ रनले पराजित गरेको छ । टस हारेर ब्याटिङको अवसर पाएको रुपनी राइडर्सले निर्धारित २० ओभरको खेलमा ७ विकेट गुमाई १ सय ४७ रनको योगफल तयार पारेको थियो ।

रुपनी राइडर्सका लागि राष्ट्रिय खेलाडी सुनिल धमलाले सर्वाधिक ५४ रन बनाएका थिए । यस्तै निरज मुखियाले १९, अनिल यादव (अविजित) १७ रनको योगदान दिए ।

बलिङतर्फ बोदेबरसाईन थन्डर्सका बिशाल सुसलिङले ३ तथा बसन्त रेग्मी, नारायण जोशी र पप्पु यादवले १/१ विकेट लिएका थिए ।

१ सय ४८ रनको बिजयी लक्ष्य लिएर मैदानमा ओर्लेको बोदेबरसाईन थन्डर्स २० ओवरमा १ सय ३४ रन मात्र जोड्न सफल भए । बोदेबरसाइन थन्डर्सका लागि नारायण जोशीले सर्वाधिक ३३, सिद्धान्त लोहनी २४ तथा योगेन्द्र सिंह र विकाशले समान १७/१७ रनको योगदान दिए ।

बलिङतर्फ रुपनी राइडर्सका सुजित झाले सर्वाधिक ४ तथा अनिल यादव २ र फिरदोस अंसारी, सुनिल धमला, कुशल भुर्तेल र अनुज यादवले १/१ विकेट लिएका थिए ।

उक्त खेलको म्यान अफ द म्याच रुपनी राइडर्सका सुनिल धमला घोषित भए । रुपनी राइडर्स, बोदेबरसाइन थन्डर्स, तिलाठी कोइलाडी जाइन्टस्, टिभिएस किंग्स राजविराज तथा बजाज खडक वारियर्स गरि पाँच टिम सहभागि रहेको प्रतियोगिताको प्रथम हुने टिमलाई नगद ३




लाखसहित ट्रफि र मेडल प्रदान गरिने छ ।

यस्तै दोश्रो हुने टिमलाई १ लाख ५० हजारसहित ट्रफि र मेडल प्रदान गरिने छ । चैत १४ गतेसम्म चल्ने प्रतियोगितामा उत्कृष्ट खेलाडी, उत्कृष्ट बलर, उत्कृष्ट ब्याट्सम्यानलाई पनि पुरस्कार प्रदान गरिने कार्यक्रम रहेको आयोजक क्रिकेट संघ सप्तरीका अध्यक्ष आयुष श्रेष्ठले जानकारी दिए ।

राजविराज नगरपालिकाको सहयोगमा संचालित प्रतियोगिताको प्रत्येक खेलमा सर्वाधिक छक्का हान्ने खेलाडीलाई सिद्धार्थ गौतम बुद्ध यातायात सेवा


*बाँकी अन्तिम पृष्ठमा*

## नेपालमा पनि कोरोना संक्रमण बढ्न सक्ने भन्दै मन्त्रालयद्वारा सचेत हुन आग्रह

**दैनिक समाचारदाता**
**राजविराज, ८ चैत ।**

छिमेकी मुलुक भारतमा कोरोना भाइरस संक्रमण बढ्दो क्रममा रहेकाले नेपालमा पनि संक्रमण बढ्न सक्ने भन्दै स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सचेत हुन आग्रह गरेको छ ।

मन्त्रालयले आइतबार विज्ञप्ति जारी गरी नेपालमा समेत संक्रमण बढ्न सक्ने भएकाले सभा, गोष्ठी, जुलुस, र्‍याली, भेला, जमघट, सेमिनार, बैठक, भीडभाड हुने



नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
(.............................................शाखा)

फोन नं. ४२६२५९० ४२६२८०२ ४२६२७०६ ४२६२९३५ ४२६२८६२ ४२२३५८०

प्राप्त पत्र संख्या :-
पत्र संख्या :-
चलानी नं. :-

रामशाहपथ,
काठमाडौं, नेपाल ।

मिति : २०७७।११।०८

विषय :- प्रेस विज्ञप्ती ।

विगत केही हप्ता देखि विश्वभरीअ्सगरी छिमेकी देशहरुमा कोभिड-१९ को संक्रमणबढ्दो क्रममादेखिएको छ। नेपालमा समेत संक्रमण बढ्न सक्ने अवस्थालाई मध्यनजर गर्दै देशभर सभा, जुलुस, र्‍याली, भेला, जमघट, गोष्ठी, सेमिनार, बैठक, भीडभाडहुने व्यवसायर कार्यहरू नगर्नु हुन र सामाजिक/भौतिक दुरी, मास्कको अनिवार्य र उचित प्रयोग तथा साबुन पानीले राम्रो सँग हात धुने वा सेनिटाइजरको प्रयोग लगायतयस मन्त्रालयबाट विगतमा जारी गरिएका अन्य जनस्वास्थ्यका मापदण्डहरू समेत पालना गरी कोभिड-१९ को संक्रमण रोकथाममा सहयोग गर्न सरोकारवाला सबैमा हार्दिक अनुरोध छ।

प्रा.डा. जागेश्वर गौतम
प्रवक्ता

व्यावसायिक कार्यहरु नगर्न

*बाँकी अन्तिम पृष्ठमा*






# मेरिकोद्वारा "निहार आयुर्वेदिक ठण्डा तेल" को बिक्री शुभारम्भ

**दैनिक समाचारदाता**
**काठमाडौं, ८ चैत ।**




मेरिकोको केश तेल ब्राण्डहरु मध्ये एक निहारको विशेष उत्पादन "निहार आयुर्वेदिक ठण्डा तेल" को नेपालमा बिक्री शुभारम्भ भएको छ ।

शितलता दिने तेलमा १० आयुर्वेदिक तत्वहरु पुदिना, ब्राह्मी, जटामांसि, अश्वगन्धा, नीलगिरि, लेमन ग्रास, नीम, कपूर र नरिवल तेल लगायत अन्य जडिबुटिहरुको अनुपम समिश्रण रहेको छ ।

सो तेलको प्रयोगले तनावपूर्ण समयमा तनाव कम गर्न तथा माँशपेसीहरु र शरीरलाई आराम प्रदान गर्न सहयोग गर्दछ ।

ठण्डा तेलका साथै निहारले नेपाली उपभोक्ताहरुलाई आवश्यक पर्ने विभिन्न प्रकारका केश तेलहरु निहार शान्ति बदाम अमला तेल, निहार, ज्यास्मिन नरिवल केश तेल तथा निहार अलमोन्ड तेल पनि उपलब्ध गराइरहेको छ ।

निहार ज्यास्मिन नरिवल केश तेलमा नरिवल र मेथीको दोहोरो गुण छ, जसले कपाललाई पोषण दिन्छ र कपाललाई बलियो तथा बाक्लो बनाउँछ । निहार अलमोन्ड तेलमा भिटामिन इको गुण भरपूर छ, जसले रेशमी र मजबुत कपाल बनाउन मद्दत गर्छ ।

सबै भन्दा पछिल्लो उत्पादन निहार आयुर्वेदिक ठण्डा तेलले विद्यमान उत्पादनको सूचीलाई व्यापक बनाउने र निहार ब्राण्डको वृद्धिगर्ने लक्ष्य लिएको छ । ३ भिन्न साईजहरु १०० मिलि, २०० मिलि र ५०० मिलिमा उपलब्ध निहार ठण्डा तेल नेपालभरका स्टोरहरुमा उपलब्ध गराइने जनाइएको छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# मिथिलाञ्चलमा विधिवत् होली शुरु

जलेश्वर, ८ चैत (रासस) ।

मिथिलाञ्चलमा आइतबारदेखि विधिवत् होली शुरुआत भएको छ । पन्ध्रदिने माध्यमिकी परिक्रमाअन्तर्गत सातौँ दिनको बासस्थान कंचनवनमा भगवान् रामचन्द्र र माता सीताको डोला र मूर्तिलाई एकापसमा रङ र अबिरले होली खेलाइएपछि परिक्रमा यात्रीसमेतले एकापसमा रङ अबिर साटासाट गर्दै होली पर्वको शुरु भएको हो ।

होली पर्वको शुरुआत गरिसकेको कुरालाई लिएर आइतबार बिहानै मिथिलाञ्चलको गाउँगाउँ तथा घरघरमा पनि रङ अबिरको प्रयोग शुरु भएको छ । परापूर्वकालमा भगवान् रामचन्द्र र माता जानकी बनवास गएको दिनमा महोत्तरीको कंचनवनमा होली पर्व मनाएका बेला सो ठाउँको माटो रातो भएको र सोही ठाउँ भएर बग्ने नदीको पानि पनि रातो भएको जनविश्वास छ ।

मिथिलाञ्चलका साधुसन्त महात्मा र गृहस्थ परिवार भगवान्ले वनवास गएको दिनलाई सम्झिदै १५ दिने परिक्रमा गर्दछन् भने परिक्रममाकै क्रममा भगवान्ले होली पर्व खेलेको सम्झिँदै सम्पूर्ण परिक्रमा यात्री पनि होली पर्व मनाएका छन् ।

धनुषाको हनुमानगढीमा अघिल्लो शनिबार परिक्रमाका लागि भगवान् रामचन्द्र र माता जानकीको डोला र परिक्रमामा यात्री जम्मा भई आइतबारदेखि भारतको कलाणेश्वरबाट शुरु भएको परिक्रमा यात्रा १५ दिनमा जनकपुरमा पुगी समाप्त हुनेछ ।

महोत्तरीको कंचनवनमा सातौँ दिनको बासा त्याग गरेर आइतबार बिहान होली मनाउँदै सम्पूर्ण परिक्रमायात्री आठौँ दिनको बासका लागि धनुषाको पर्वता पुग्ने भएका छन् ।

**राजस्व टोलीको अनुगमनको हल्लाले हाटबजार बन्द**

महोत्तरीका पाँच वटा प्रमुख हाट बजार एक सातादेखि राजस्व टोलीको अनुगमनको हल्लाले बन्द परेको छ । पशु तथा कृषि बजारका लागि प्रख्यात जिल्लाको गौशाला बजार, तरकारी अन्नबालीका लागि प्रख्यात औरही बजार, सम्सी बजार, मटिहानी बजार र जिल्लाको सदरमुकाम रहेको जलेश्वर बजारका अधिकांश पसल एक सातादेखि बन्द रहेको छ ।

उल्लेखित बजारमा राजस्वको अनुगमन टोली आउँदैछ भन्ने हल्लाले सुनचाँदी, खाद्यान्न, औषधि, किराना, हार्डवेयर, कपडा, जेनरल स्टोर, मदिरालगायतका पसल बन्द रहेको छ ।

अधिकांश पसलमा बीलबिजक नराख्ने, ग्राहकलाई बिल नदिने, तौलमा घटीबेसी गर्ने, म्याद गुज्रेका सर सामान राख्ने, गुणस्तरहीन सर सामान राख्ने र केही पसलमा विनाभन्सार तथा राजस्व तिरेको भारतीय सरसामानसमेत बिक्रीवितरण गरिने बताइएको छ । पक्राउ र कारवाहीमा पर्ने डरका कारण यहाँका हाट बजारका अधिकांश पसल बन्द छ ।

राजस्वको अनुगमन, निरीक्षणको हल्ला महोत्तरीमा मात्रै नभएर शुक्रबार प्रदेश नं २ को राजधानी जनकपुरमा पनि व्यापकरुपमा चलेको थियो भने त्यस दिन त्यहाँका पनि अधिकांश पसल बजार बन्द परेको थियो ।

यस सन्दर्भमा जलेश्वर उद्योग वाणिज्य सङ्घले सार्वजनिक सूचना जारी गरेर त्यस्तो कुनै अनुगमन नहुने जनाउँदै निर्वाधरुपमा हाट बजार सञ्चालन गर्न सबै व्यापारी व्यवसायीलाई आग्रह गरे पनि अझै यहाँका पसल बन्द अवस्थामै छन् ।

**परिक्रमा मेलामा पक्राउ**

परिक्रमा मेलामा चोरी गर्ने १७ महिला तथा तिनका बालबालिकालाई प्रहरीले पक्राऊ गरेको छ । इलाका प्रहरी कार्यालय बलवाका प्रहरी नायब निरीक्षक वीरेन्द्र सिंहका अनुसार १५ दिने परिक्रमा शुक्रबार महोत्तरीको ध्रुवकुण्ड र शनिबार कंचनवनमा बास बसेको अवसरमा लागेको मेलामा परिक्रमा यात्रुको सुनचाँदीका गरगहना, नगर र मोबाइल चोरेको आरोपमा १७ जना महिला तथा तिनका बालबालिकालाई पक्राउ गरिएको हो ।

पक्राउ परेका चोर महिला तथा बालबालिकाले दुवै स्थानका मेलामा सहभागी परिक्रमा यात्रुको ५४ थान सुनका गरगहना, १२ थान चाँदीका गरगहना, छ थान मोबाइल, ३५ हजार भारतीय र १२ हजार नेपाली रुपैयाँ चोरी गरेको अवस्थामा पक्राउ परेका हुन् ।

सुनका सिक्री, मङ्गलसूत्र, तिलहरी, चाँदीका पायल, सिक्री, बालासहितका सरसामानसहित पक्राउ परेका सबै महिला तथा बालबालिकालाई प्रहरीले आवश्यक कारवाहीका लागि जिल्ला प्रहरी कार्यालय महोत्तरीका पठाएको जनाएको छ ।

# छोरीको जन्मसँगै वियोगको वातावरणको अन्त्यको प्रयास हरेक क्षेत्रबाट हुनु आवश्यक : उपसभामुख

जनकपुरधाम, ८ चैत (रासस) ।

प्रदेश नं २ का उपसभामुख उपमा देवले समाजमा महिलालाई कमजोर बुझ्ने पुरानो मानसिकतामा क्रमिकरूपले परिवर्तन हुँदै गएको बताउनुभएको छ । सखी बहिना मैथिलानी समूहद्वारा जनकपुरधाममा आयोजित संस्था दर्ता शुभकामना एवं होली उत्सवमा उपसभामुख देवले परिवारमा छोरीको जन्मसँगै वियोगको वातावरण र दुःखको संसार सम्झिने मनोविज्ञानको अन्त्यको प्रयास हरेक क्षेत्राट हुनु जरूरी छ भन्नुभयो । महिलालाई मान, सम्मानले अवसरमा सहभागितासँगै प्रतिभाले कमजोर नभएको प्रमाणित गरेको प्रसङ्ग पनि उहाँले उल्लेख गर्नुभयो ।

प्रदेशसभा सदस्य रामअशीष यादवले सखी बहिना सुरभि भएको चर्चा गर्दै भाषा, संस्कार, सभ्यताको संरक्षणमा संस्थाले महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको धारणा राख्नुभयो । उहाँले समाजमा विकृतिको गन्ध विस्तार भइरहेको अवस्थामा सखी बहिना समूहको अभियानले विकृतिको अन्त्यसँगै संस्कारित समाजको निर्माणका लागि गरिरहेको पहल प्रशंसनीय रहेको छ भन्नुभयो ।

जिल्ला समन्वय समितिका उपप्रमुख दीपक झाले सखी बहिना समूहले समाजमा महिला सशक्तीकरणको पक्ष र भाषा, सभ्यता, संस्कृतिको रक्षा गर्ने सवालतर्फ गम्भीरतापूर्वक क्रियाशील रहेको उदाहरण प्रस्तुत गर्नुभयो । अभियानकर्मी डा अखिलेश झाले संस्था विधिवत्रूपले दर्ता भई सङ्गठित भएकामा खुशी व्यक्त गर्दै एकजुट भई सभ्यता, संस्कृति, संस्कारको रक्षा गर्ने पक्षमा अग्रसर हुनु जरूरी भएको धारणा राख्नुभयो ।

संस्थाका संस्थापक आरती झाले संस्थालाई सबैले सहयोग गर्नु अपरिहार्य भइसकेको बताउँदै आगामी दिनमा महिलाका सीप र सिर्जनालाई प्रवर्द्धन गर्ने अभियान सञ्चालन गर्ने जानकारी दिनुभयो । उत्सवमा अग्रज सखी अरूणा मिश्रले संस्था समतामूलक समाज निर्माणको पक्षमा क्रियाशील रहेको प्रकाश पार्नुभयो भने अग्रज सखी पुनम झा मैथिल, कार्यक्रम संयोजक भारती चौधरी संस्थागत विकासकार्यमा सहयोगका लागि सबै पक्षसँग आग्रह गर्नुभयो ।

उत्सवमा कुसुम विसौनाको जोगिरा टीमले जोगिरा, गायक नवीन मिश्र, गायिका सङ्गीता देव, श्यामा झा, विन्दु ठाकुर, मीना ठाकुर र ज्योति झा, वन्दना झाले गोसाउनी र होरी गीत प्रस्तुत गर्नुभएको थियो ।

# रक्सौल-काठमाडौँ रेलमार्ग निर्माण समझदारीमा हस्ताक्षर गर्न महानिर्देशकलाई अख्तियारी

काठमाडौं, ८ चैत (रासस) ।

सरकारले रक्सौलदेखि काठमाडौँसम्म 'ब्रोड गेज' रेलमार्गको निर्माण कार्य आगाडि बढाउन नेपाल सरकार र भारत सरकारबीच हुने समझदारीपत्रलाई स्वीकृत गरी त्यसमा हस्ताक्षर गर्न रेल विभागका महानिर्देशकलाई अख्तियारी दिने निर्णय गरेको छ । मन्त्रिपरिषद्का विभिन्न मितिमा बसेका बैठकहरुको निर्णय सार्वजनिक गर्न आयोजित पत्रकार सम्मेलनमा सञ्चार तथा सूचना प्रविधिमन्त्री पार्वत गुरुङले बैठकले हुलाकी सडकअन्तर्गतको खण्डमा निर्माण र स्तरोन्नति अघि बढाउन रूख कटानको स्वीकृति दिएको बताउनुभयो ।

हुलाकी सडक निर्देशनालयलाई धनगढी-भजनी-सती खण्डमा निर्माणका लागि कैलाली जिल्लामा सुइटी/वसन्तीलगायत चार सामुदायिक वनमा परेका रूख काट्न दिइएको हो । यसमा साल, अस्नालगायतका प्रजातिका एक सय रूख डिभिजन वन कार्यालय धनगढी कैलालीमार्फत हटाउन स्वीकृति दिइएको हो । नेपाल नागरिक उड्डयन प्राधिकरणलाई पोखरा क्षेत्रीय अन्तरराष्ट्रिय विमानस्थलको रनवे स्ट्रिपको पूर्वपट्टि रहेको पोखरा महानगरपालिका-२६ स्थित रिठ्ठेपानी डाँडामा रहेका र हवाई सुरक्षार्थ अवरोध र जोखिमजन्य अवस्थामा रहेका रूख तथा पोलहरु कटान गर्न स्वीकृति दिने निर्णय गरिएको छ ।

मन्त्रिपरिषद्को बैठकले विभिन्न स्थानीय तहहरूलाई जग्गा प्राप्ति गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरेको मन्त्री गुरुङले बताउनुभयो । काठमाडौँको चन्द्रागिरि, गोरखाको पालुङटार, महोत्तरी बर्दिबास, सर्लाही बरहथवा नगरपालिका तथा मोरङ कानेपोखरी, म्याग्दीको रघुगङ्गा, गुल्मीको इस्मा र गुल्मीदरबार, कास्कीको मादी, नुवाकोटको लिखु र नवलपरासीको प्रतापपुर गाउँपालिकालाई जग्गा प्राप्ति गर्न स्वीकृति दिइएको बताइएको छ ।

सरकारले विसं २०७८ मा दिइने सार्वजनिक, पर्व एवं सट्टा बिदा र कार्यालय समय निर्धारण गर्ने निर्णय गरेको छ । चैत १९ गते श्रीलङ्काले भर्चुअल माध्यमबाट आयोजना गर्ने १७औँ बिमस्टेक मन्त्रिस्तरीय बैठकमा भाग लिन परराष्ट्रमन्त्रीको नेतृत्वमा र २०७७ चैत १८ गते हुने बिम्स्टेक परराष्ट्र सचिवस्तरीय वरिष्ठ पदाधिकारीको विशेष बैठकमा भाग लिन परराष्ट्र सचिवको नेतृत्वमा नेपाली प्रतिनिधिमण्डलको गठन गर्ने पनि निर्णय गरिएको मन्त्री गुरुङले बताउनुभयो ।

सरकारले केराउ, सुपारी, छोकडा, नधुल्याएको मरिच र सवारी साधनको आयातलाई व्यवस्थापन गर्ने सूचना राजपत्रमा प्रकाशित गर्ने निर्णय गरेको छ । चालु आवका लागि गहुँको न्यूनतम समर्थन मूल्य प्रतिक्विन्टल रु तीन हजार १११ तोक्ने निर्णय गरिएको छ ।

यसैगरी होटेल उद्योगका रुपमा दर्ता भई सञ्चालनमा रहेका उद्योगमध्ये नियमितरुपमा नवीकरण गरी कर विवरण पेश गरेका होटेल तथा रेष्टुरेन्टलाई सरकारले विद्युत् महशूलमा सहुलियत दिने निर्णय गरेको छ । कोभिड-१९ को सङ्क्रमण जोखिम न्यूनीकरण गर्न बन्दाबन्दी घोषणा गरेको २०७६ चैत ११ गतेदेखि भदौ मसान्तसम्मको उद्योगले भुक्तानी गर्नुपर्ने विद्युत्को डिमान्ड शुल्कको शत्प्रतिशत र २०७७ असोज १ देखि माघ मसान्तसम्म ५० प्रतिशत छुट दिने निर्णय गरेको छ ।

# हुलाकी सडक द्रुत गतिमा निर्माण

वीरगञ्ज, ८ चैत (रासस)।

सरकारको उच्च प्राथमिकतामा रहेको हुलाकी सडक द्रुतगतिमा निर्माण हुन थालेको छ। यसले ग्रामीण क्षेत्रमा रहेका सडक सञ्जाललाई सदरमुकाम वीरगञ्जसँग जोड्ने काम समेत गरेको छ।

पर्साका १४ स्थानीय तहमा रहेको सडक हुलाकी सडकसँग जोडिन थालेपछि सुदूर ग्रामि‍ण क्षेत्रका जनता, यातायातका सवारीसाधन तथा ग्रामीण क्षेत्रमा उत्पादन हुने अन्नबाली बजारसम्म आउन सहज र सजिलो पनि भएको छ। यसबाट ग्रामीण क्षेत्रका किसानको आर्थिक वृद्धिदर बढ्दै गएको किसान विजय पंडितको भनाइ छ।

जिल्ला सदरमुकाम वीरगञ्जदेखि ठोरीसम्मको हुलाकी सडकको निर्माणले पछिल्लो समय गतिलिन थालेको छ। तीस-तीस किलोमिटर गरी दुई प्याकेजमा निर्माण भइरहेको सो सडकको पहिलो प्याकेजको काम ५७ र दोस्रो प्याकेजको काम ८७ प्रतिशत सम्पन्न भई सकेको हुलाकी राजमार्ग निर्देशनालयले जनाएको छ।

प्याकेज एकअन्तर्गत वीरगञ्जको प्रतिमा चोकदेखि चमरी टोलसम्म ३० किलोमिटर र प्याकेज दुईअन्तर्गत चमरी टोलीदेखि ठोरीसम्म निर्माण भइरहेको छ। सो सडक रु दुई अर्ब ११ करोड भारतीय सरकारको अनुदान सहयोगमा निर्माण भइरहेको कार्यालयका सूचना अधिकारी सञ्जयकुमार ठाकुरले राससलाई बताउनुभयो।

सो सडकअन्तर्गत प्याकेज नं १ मा ११ किमी र प्याकेज नं २ मा २४ किमी गरी जम्मा ३५ किमी सडकमा कालोपत्र राख्ने काम सम्पन्न भइसकेको छ। प्याकेज एकको सडक २०७७ जेठ २० गते र प्याकेज २ को सडक २०७७ चैत १८ गतेसम्म सम्पन्न गरी सक्नेगरी ठेकेदार कम्पनीले तीव्ररुपमा कामको थालनी गरेको बताइएको छ। सो सडक बनिसकेपछि पर्साको दुर्गम ग्रामीण क्षेत्रका १५ हजार २१८ घरधुरी प्रत्यक्षरुपमा लाभान्वित हुनेछन्।

यसैगरी सरकारको रु सात करोड ७१ लाख ७३ हजार ७५० बराबरको लागतमा निर्माण भइरहेको तिलावे पुलको ५० प्रतिशत काम सम्पन्न भइसकेको छ। वीरगञ्ज महानगरपालिकालाई १३ स्थानीय तहसँग जोडिएको सो पुलको लम्बाइ १०० मिटर र चौडाइ ११ मिटर रहेको छ।

बारा जिल्लाको गढीमाई-बरियारपुर-कवहीगोठलाई जोड्ने १० दशमलव छ किलोमिटर लम्बाइ रहेको सो सडकको भौतिक प्रगति ६५ प्रतिशत सम्पन्न भएको छ। सरकारको रु चार करोड ४५ लाख ५१ ह्जार ४८१ को लागतमा निर्माण भइरहेको सो सडकको दुई किमीसम्म कालोपत्रको काम सम्पन्न भइसकेको छ।

यसैगरी बारा तथा रौतहट जिल्लाको सीमामा हुलाकी सडकअन्तर्गत निर्माण भइरहेको अरुवा खोलामा पुल निर्माणको काम ५० प्रतिशत सम्पन्न भएको छ। बीस मिटर लम्बाइ र ११ मिटर चौडाइ भएको सो पुल नेपाल सरकारको रु पाँच करोड ३३ लाख २७ हजार ९७५ को लागतमा निर्माण भइरहेको छ।

रौतहट जिल्लाको वाग्मती-फतुवा-महेशपुर र अरुवासम्म १९ दशमलव ११ किमी लम्बाइ भएको हुलाकी सडकको निर्माण भइरहेको छ। हालसम्म सो सडकको भौतिक प्रगति ७० प्रतिशत सम्पन्न भइसकेको छ। सो सडकखण्डको ११ किलो मिटरसम्म कालोपत्र काम भइसकेको छ। सरकारको रु ७७ करोड ३९ लाख ९९ हजार ९७५ को लागतमा निर्माण भइरहेको जनाइएको छ।पर्सा, बारा, रौतहट र चितवनसम्म हुलाकी सडकको १८३ किमी लम्बाइ रहेको छ। सर्लाही जिल्लाको कर्मैयास्थित वाग्मती पुलदेखि वीरगञ्जको प्रतिमा चोकसम्म ५५ किमी, वीरगञ्जदेखि ठोरीसम्म ६० किमी र ठोरी-माडी-भरतपुरसम्म ६८ किमी गरी जम्मा १८३ किमीसम्म हुलाकी सडक धमाधम निर्माण भइरहेको छ। तीमध्ये १२२ किमी हुलाकी सडकमा कालोपत्रको काम सम्पन्न भइसकेको छ।

सो सडकअन्तर्गत २५ किमी चितवन राष्ट्रिय निकुञ्जभित्र पर्ने भएकाले वन मन्त्रालयले सो सडक बनाउन अनुमति नदिएको सो कार्यालयले जनाएको छ। हाल पर्साको ठोरीदेखि चितवनसम्म जङ्गलको बाटो भएर यातायातका सवारीसाधन चले पनि कालोपत्र सडक नहुँदा समस्या भोग्दै आएका छन्।

सरकारको बहुप्रतिक्षित आयोजनाका रुपमा रहेको हुलाकी सडक निर्माणले गति लिएपछि ग्रामीण क्षेत्रका सडक राजमार्गमा रुपान्तरित हुन थालेको छ। ग्रामीण क्षेत्रका उत्पादन सहजैरुपमा बजारसम्म ल्याउन सहिजा भएको स्थानीयवासीको भनाइ छ।


## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आबश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी_१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी_२ | स्टोकिङ्ग डेन्सिटी_३ | स्टोकिङ्ग डेन्सिटी_४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**

**मोबाईल नं. ९८५२८२०९३५**


## विश्व समाचार

### युरोपमा लकडाउन, टोकियो ओलम्पिकमा विदेशी दर्शकलाई प्रवेश निषेध

पेरिस, ८ चैत (रासस/एएफपी)।

कोरोनाभाइरसको सङ्क्रमण फैलिएको भन्दै धेरैवटा युरोपेली मुलुकले नयाँ लकडाउन र प्रतिबन्ध घोषणा गरेका छन्। उता, टोकियो ओलम्पिक आयोजना समितिले खेललाई सुरक्षित तवरबाट सञ्चालन गर्न भन्दै विदेशी खेल दर्शकलाई जापान भ्रमणमा प्रतिबन्ध लगाएको छ। पोल्यान्ड, फ्रान्स र युक्रेनको राजधानीसमेतका कतिपय भागमा नयाँ प्रतिबन्ध लगाइएका छन्। अधिकांश पसल बन्द गरिएका छन् भने मानिसलाई घरबाटै काम गर्न आग्रह गरिएको छ। कोभिड-१९ फैलिन नदिने भन्दै सरकारले लगाएका प्रतिबन्धको विरोधमा युरोपका विभिन्न स्थानमा प्रदर्शन पनि भएका छन्। जर्मनीको कासेल शहरमा क्रुद्ध प्रदर्शनकारीको ठूलो समूह सडकमा आएको थियो। प्रहरी र प्रदर्शनकारीबीच त्यहाँ झडप पनि भएको छ। यसबाहेक लिस्टल, स्वीट्जरल्यान्ड र लन्डनमा पनि प्रदर्शन भएका छन्।

कासेलमा भेला भएका प्रदर्शनकारीले "लकडाउन अन्त्य गर" भन्दै प्लेकार्डसहित सडकमा आएका थिए। अफ्रिकामा, म्याडागास्करका राष्ट्रपति आन्द्री रजोलिनाले कोरोनाभाइरसको खोप भ्रम रहेको भन्दै खोप अभियानको आलोचना गर्नु भएको छ। केही समय मत्थर देखिन थालेको कोरोनाभाइरस सङ्क्रमण पछिल्ला समय पुनःसक्रिय भएको देखिएको छ। अघिल्लो साता विश्वभर कोरोनाभाइरसको सङ्क्रमण १४ प्रतिशतले वृद्धि भएको एएफपीले सङ्कलन गरेको तथ्याङ्कले देखाएको छ।

पाकिस्तानका प्रधानमन्त्री इमरान खानलाई पनि चीनको सिनोफार्म खोप लगाएको दुई दिनपछि कोभिड देखिएको छ। प्रधानमन्त्रीका प्रवक्ताले खान हाल आइसोलेसनमा बस्नु भएको र सामान्य लक्षण मात्र देखिएको बताएका छन्। फ्रान्समा एक तिहाइभन्दा बढी जनसंख्या लकडाउनमा रहेको छ। तर यो लकडाउन विगतको जस्तो कठोर भने छैन। विद्यालय खुलेका छन् भने सैलुन र चकलेट पसल खुलेका छन्।

कोभिड विरुद्धको अस्ट्राजेनिका खोपको विवाद अझै साम्य भएको छैन। युरोपेली आयोगकी प्रमुख उर्सुला भोन डर लायनले युरोपेली मुलुकलाई खोपमा प्राथमिकता नदिई अन्यत्र निकासी गर्नेक्रम नरोकिए पूरै निकासी रोक्ने चेतावनी दिनु भएको छ। अस्ट्राजेनिका कम्पनीले नौ करोड डोज खोप युरोपलाई दिने भने पनि हालसम्म ३० प्रतिशत मात्र आपूर्ति गरेको छ। कम्पनीले युरोपेली प्लान्टमा उत्पादनमा ढिलाई भएको बताउँदै आएको छ। जर्मनीको फन्के सञ्चार समूहसँग कुरा गर्दै लायनले भन्नुभयो, "हामीसँग निकासी रोक्नुबाहेक अर्को विकल्प छैन। यही नै अस्ट्राजेनिकालाई सन्देश हो। अन्य मुलुकका लागि खोप पठाउनुअघि युरोपलाई पहिले खोप दिनुपर्छ, नत्र हामी निर्यात रोकिदिन्छौं।"

अस्ट्राजेनिकाले युरोपेली युनियनमा आबद्ध मुलुकलाई खोप नदिई बेलायतलाई पहिलो प्राथमिकता दिएर पूरै खोप पठाएको युरोपेली युनियनको भनाइ छ। बेलायतले शनिबारसम्म कूल जनसंख्याको कम्तीमा आधा वयस्क जनसंख्यालाई कम्तीमा एक डोज खोप लगाएको छ। युरोपेली नियामक निकाय र विश्व स्वास्थ्य संगठनले अस्ट्राजेनिका खोप सुरक्षित र प्रभावकारी रहेको जनाए पनि डेनमार्क, नर्वे, स्वीडेन र फिनल्यान्डले यो खोप लगाउनुअघि अस्ट्राजेनिकासम्बन्धी विस्तृत विवरण प्राप्त गर्न चाहेका छन्। बेलायती प्रधानमन्त्री बोरिस जोन्सन र फ्रान्सेली प्रधानमन्त्री जाँ कास्टेक्स दुबैले शुक्रबार अस्ट्राजेनिका खोप लगाउनु भएको छ।

विश्वभर करिब ४० करोड डोज खोप लगाइए पनि टोकियो ओलम्पिक आयोजक समितिले ठूलो संख्यामा विदेशी दर्शकलाई तत्कालै आमन्त्रण गर्न नसकिने अवस्था रहेको जनाएको छ। "हामीले सबै सहभागीका लागि सुरक्षित र भरपर्दो वातावरण सुनिश्चित गर्नु पर्दछ," टोकियो आयोजक समितिका प्रमुख सेको हासिमोतोले भन्नुभयो, "यो अपरिहार्य निर्णय हो।" ओलम्पिक खेलको इतिहासमै विदेशी दर्शकलाई आमन्त्रण नगरिएको यो पहिलो पटक हो।

### चीनका ६० प्रतिशत युवा ११ बजेपछि मात्रै सुत्छन् : सर्वेक्षण

बेइजिङ, ८ चैत (रासस/सिन्ह्वा)।

चीनका ६० प्रतिशत युवा राति ११ बजेपछि मात्रै सुत्न जाने गरेको एक सर्वेक्षणले देखाएको छ। चाइना युथ डेलीले हालै गरेको सर्वेक्षणमा सहभागी युवामध्ये ६० प्रतिशतले राति ११ बजेपछि मात्रै सुत्न जाने गरेको जवाफ दिएका हुन्। आइतबार पर्ने २१औँ विश्व सुताइ दिवस (वर्ल्ड स्लिपिङ डे) को अवसर पारेर यो सर्वेक्षणको प्रतिवेदन सार्वजनिक गरिएको सर्वेक्षणकर्ताले जनाएका छन्। सर्वेक्ष्णमा दुई हजार दुई जना सहभागी भएका थिए। उनीहरु १८ देखि ३५ वर्षसम्मका थिए। सर्वेक्षणमा सहभागी ८.५ प्रतिशतले मात्रै आवश्यकताअनुसारको सुताइ मानिने आठ घण्टा सुत्ने गरेको जवाफ दिएका थिए।

बेइजिङस्थित एउटा निजी कम्पनीमा कार्यरत २९ वर्षीय हु बोले मध्यरातभन्दा अगाडि कहिले कहिले मात्रै सुत्ने गरेको बताउनुभयो। उहाँले भन्नुभयो, "हरेक दिन बेलुका ८ बजेपछि मात्रै म कार्यालयबाट काम सकेर आउने गरेको छु, कहिलेकाहिँ त भोकै पनि हुने गरेको छु, सुत्न जानुभन्दा अगाडि कम्प्युटर, ल्यापटप, मोबाइल, फोनलगायतमा भुल्ने गरेको छु, त्यसैले सुत्न ढिलो हुन्छ।"

सुत्नका लागि विस्तारामा गएपछि पनि आधादेखि एक घण्टासम्म निदाउन समय लाग्ने हुले बताउनुभयो। उहाँ जस्तै झण्डै ११ प्रतिशत युवाले सुतेको ३० मिनेटभन्दा अगाडि निदाउन नसक्ने गरेको जवाफ दिएका थिए। सुताइको गुणस्तर र सन्तुष्टिका बारेमा सोधिएको प्रश्नमा झण्डै आधा युवाले सन्तोषजनक रहेको उत्तर दिएका थिए। सर्वेक्षणमा सहभागीमध्ये ४६ प्रतिशतले गहिरो निद्रासहित सपना देख्ने गरेको, ४५.४ प्रतिशतले पातलो निद्रा लाग्ने गरेको र ३३.१ प्रतिशत बिहान चाँडै व्युझिने गरेको बताएका थिए। यिनीहरु नै सुताइसम्बन्धी उनीहरुका मुख्य समस्या पाइएको थियो। गुणस्तरीय सुताइ नहुनु मानसिक तथा शारीरिक स्वास्थ्यका लागि घातक हुने गरेको पनि सर्वेक्षणबाट देखिएको थियो। राम्रोसँग नसुत्नेबाट कामको नतिजा पनि राम्रो नआउने गरेको र उनीहरुको कामसमेतमा असर पर्ने गरेको पाइएको सर्वेक्षणकर्ताले बताएका छन्।

# छुवाछुतका घटनाहरु नलुकाई प्रशासन समक्ष उजुरी दिन आग्रह



**दैनिक समाचारदाता**
**राजविराज, ८ चैत।**

५६ औं अर्न्तराष्ट्रिय जातिय भेदभाव उन्मुलन दिवस आइतबार सप्तरीमा मनाइएको छ।

दलित सरोकार मञ्च सप्तरीको आयोजना आयोजित कार्यक्रममा दलित विकास समिति प्रदेश नं.२ का सदस्य श्याम सरदारले दलित समुदायहरुलाई अहिले पनि गाउँघरमा छुवाछुतका घटनाहरु भईरहेकोले त्यस्ता घटनाहरु नलुकाई प्रशासन समक्ष उजुरी दिनु पर्ने बताएका छन्।

उनले नेपालमा दलित समुदायहरुप्रति आर्थिक रुपले शोषित, समाजिक रुपले उत्पीडित, राजनीतिक रुपले उपेक्षित, शैक्षिक रुपले वञ्चित र धार्मिक रुपले संस्कृत रुपले अपहेलित भई दलितहरुलाई अमान्य रुपमा व्यवहार गरिरहेको बताए।

सो कार्यक्रममा ईलाका प्रहरी कार्यालय कञ्चनपुरका प्रहरी प्रमुख नरेश कुमार सिंहले नेपालको संविधान उल्लेख भए अनुसार छुवाछुत तथा विभेदहरु अन्त्य भईसकेकाले कसैले छुवाछुत गरेको पाइएमा प्रहरीसमक्ष उजुरी दिन आग्रह गरे। त्यस्ता उजुरीमाथी कानुन बमोजिम कारवाहीका लागि प्रहरी सदैव तयार रहेको समेत बताए।

सो कार्यक्रममा दलित सरोकार मञ्च सप्तरीका कार्यकारी निर्देशक एवं अनुसन्धानकर्ता भोला पासवानले अन्तराष्ट्रिय भेदभाव उन्मुलन दिवस १९७१ मा नेपालमा लागु बताउदैं जातिय छुवाछुत लगायत कुनै किसिमको अपराध हेरेर नहेरेको जस्तो गर्नु हुन्छ र सहनु हुन्छ भन्ने त्यो पनि कानूनको ठुलो उलंघन भएको बताए।

दलित सरोकार मञ्च सप्तरीका कार्यकारी निर्देशक एवं अनुसन्धानकर्ता भोला पासवानको अध्यक्षता एवं दलित विकास समिति प्रदेश नं.२ का सदस्य श्याम सरदारको प्रमुख अथितिमा सम्पन्न कार्यक्रममा मञ्चका जिल्ला संयोजक राजकुमार पासवानले स्वागत मत्व्य गरेका थिए भने मञ्चकी कार्यक्रम सहायक अनिता कुमारी खंग कार्यक्रम सञ्चालन गरेका थिए।

# मोटरसाइकल अनियन्त्रित हुँदा एकको मृत्यु, एक घाइते

**दैनिक समाचारदाता**
**राजविराज, ८ चैत।**

राजविराज हनुमाननगर सडकखण्ड अन्तरगत वडा नं. १५ खाँडो पुल नजिक शनिबार साँझ भएको मोटरसाइकल दुर्घटनामा एक युवकको मृत्यु भएको छ भने एक जना घाइते भएका छन्।

मृत्यु हुनेमा सप्तरीको तिलाठी कोईलाडी गाउँपालिका वडा नं. ४ निवासी १५ वर्षिय विवेक कुमार मण्डल छन् भने हनुमाननगर कंकालिनी नगरपालिका वडा नं. १० इनर्वा वस्ने हरि १५ वर्षिय कौशल मण्डल घाइते भएक छन्।

राजविराजबाट हनुमाननगरतर्फ जादै गरेको अनटेष्ट मोटरसाइकल आफै अनियन्त्रित भई दुर्घटना हुदा चालक र पछाडी सवार दुबै जना घाइते भएका थिए। दुबैलाई उपचारका लागि गजेन्द्र नारायण सिंह अस्पताल राजविराजमा उपचारका लागि भर्ना गरिएकोमा विवेकको उपचारकै क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

यस्तै सोहि मोटरसाइकल पछाडी सवार कौशलको टाउको र छातिमा चोट लाग्दा अवस्था गम्भिर रहेकोले उपचारका लागि विराटनगरतर्फ पठाईएको प्रहरीले जनाएको छ।

# क्षमताभन्दा बढी भार बोकेमा कारवाही

काठमाडौं, ८ चैत (रासस)।

यातायात व्यवस्था विभागलेयही चैत १५ गतेदेखि सवारीसाधनले तोकिएभन्दा बढी भार बोकेको पाइएमा सम्बन्धित ठाउँमा सामग्री झार्ने र जरिवाना गर्ने भएको छ।

मालवाहक सवारीसाधनको भरवाहन नियमनसम्बन्धी निर्देशिका, २०७४ को व्यवस्थाअनुसार मालवाहक सवारीसाधनको नियमन र गल्ती पाइएमा कारवाही गर्न लागिएको विभागले जनाएको छ।

मालवाहक सवारीसाधनले निर्देशिकामा तोकिएको मापदण्डबमोजिम भार ओसारपसार गर्नुपर्ने भए पनि पछिल्लो समय त्यसको विपरीत हुने गरेको विभागमा गुनासो आएको प्रवक्ता डा लोकनाथ भुसालले जानकारी दिनुभयो।

विभागले यसअघि नै चितवनको अपटारी र महोत्तरीको बर्दिवासमा तौलपुल निर्माण गरेर सञ्चालनमा ल्याइसकेको छ। विभागको सडक सुरक्षाका लागि

***सर्वाधिक पुरस्कार ...***

केन्द्र प्रालि राजविराजले एक/एक हजार रुँपैया पुरस्कार दिने घोषणा गरेको छ भने प्रतियोगिताको उपविजेता टिमलाई दिइने पुरस्कार राशी एक लाख ५० हजार रुँपैया यहाँस्थित न्यु श्री राज्य लक्ष्मी ज्वेलर्सका संचालक सत्रुघन कुमार ठाकुरले दिने उद्घाटन समारोहमा घोषणा गरेका छन्।

मुख्य सडकमा तौल पुल निर्माण गरी सवारी साधनको भारवाहन नियमन र नियन्त्रण गर्ने कार्ययोजना रहेको छ।

***नेपालमा पनि ...***

मन्त्रालयले आग्रह गरेको छ।

मन्त्रालयका प्रवक्ता डा. जागेश्वर गौतमद्वारा प्रेसित विज्ञप्तिमा सामाजिक/भौतिक दूरी, मास्कको अनिवार्य प्रयोग तथा साबुनपानीले राम्रोसँग हात धुने, स्यानिटाइजरको प्रयोगलगायत जनस्वास्थ्यका मापदण्ड पालना गर्न आग्रह गरिएको छ।

भारतमा पछिल्लो २४ घण्टामा ४३ हजार ८ सय ४६ जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ।


## राजविराजको मेनरोडमा कोठा भाडा चाहिएमा

राजविराज नगरपालिका साविक ३ हाल वडा नं. ४ मेनरोडमा दोश्रो तल्लामा बैंक तथा वित्तिय संस्था, बिमा कम्पनी, संघ संस्था तथा अन्य प्रयोजनका लागि कोठा भाडामा चाहिएमा तु-सम्पर्क गर्नुहोस्।

**लोकेशन : कामना सेवा विकास बैंकको माथी**
**सम्पर्क नं. ९८४२८२१०८२, ९८१९७२५०८२**



# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका व्यक्तिहरूले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**



## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोरोना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छ्यु गर्दा निस्किने थुक, खकार र सिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छ्यु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरूलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न नि:शुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कताहि हुनुपर्छ।

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्। हाम्रो सेवाहरु

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit · City Express Money Transfer · Best Remit · Prabhu Money Transfer · IME International Money Express · himal remit हिमालरेमिट · CG Money


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल :** rajbirajdainik@gmail.com, **वेबसाइट :** rajbirajdainik.com.np